लिलाम सूचना नं.-५

नेपाल सरकार
अर्थ मन्त्रालय

# राजस्व अनुसन्धान विभाग
# राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको शीलबन्दी दरभाउपत्र आब्हानको ७ (सात) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७४/०५/२०)

यस कार्यालयमा विभिन्न मितिमा दाखिला भएका तपशील बमोजिमका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै शीलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बढाबढद्वारा बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्महरुबाट निम्न शर्तको अधिनमा रही भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४ बमोजिम लिलाम बढाबढ गर्न यो शीलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । यससम्बन्धी विवरण राजस्व अनुसन्धान विभागको website www.dri.gov.np मा समेत हेर्न सकिने छ ।

१. दरभाउपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रसहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु. ३००/- फिर्ता नहुने गरी बुझाएको आम्दानी रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ७औं (सातौं) दिनसम्म दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. आफूले कबोल गर्ने दरभाउपत्रसम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राईटर आफैंले सहिछाप गरी शीलबन्दी खाम बाहिर “श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारा” र माथिपट्टी मुद्दा नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिन मध्यान्न १२:०० बजेभित्र यस कार्यालय, जिल्ला प्रशासन कार्यालय, कलैया, बारा वा आन्तरिक राजस्व कार्यालय, सिमरामा दर्ता गर्न सकिने छ । यसरी दर्ता हुन आएका शीलबन्दी दरभाउपत्रहरु सोही दिन १४:०० बजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैयामा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा पनि शीलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रत्येक मु.नं. को छुट्टाछुट्टै शीलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०२०३०००००० मा फर्मको नामबाट रकम जम्मा गरेको चौथो प्रति सक्कल भौचर शीलबन्दी दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक शीलबन्दी दरभाउपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ । गत आ.व. हरूको भौचर मान्य हुने छैन । भौचर सम्बन्धित फर्मको नामबाट नै अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

५. आफूले कबोल गरेको मूल्य (मु.अ.कर वाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ । नलगेमा प्रचलित ऐन, नियम बमोजिम कारवाही हुनेछ ।

७. लिलाम विक्री हुने सामानहरु हेर्न वा अन्य कुराहरु बुझ्न चाहेमा यस कार्यालयमा कार्यालय खुलेको दिन १४:०० बजेदेखि १६:०० बजेसम्म सम्पर्क गरी हेर्न वा बुझ्न सकिनेछ ।

८. शीलबन्दी दरभाउपत्रसम्बन्धी कागजातहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**तपशील**

| क्र.सं. | मु.नं. | आ.व. | सामानको विवरण | न्यूनतम मूल्य रु |
|---|---|---|---|---|
| १ | १३ | ०७४/७५ | ग्याँस चुल्हो १४ थान | ३५,०००.० |
| २ | १८ | ०७४/७५ | सुटको कपडा २८ पिस र शर्ट पाइन्टको कपडा २२ पिस | २३,४००.० |
| ३ | २२ | ०७४/७५ | कुर्था सलवार २० पिस र सुटिङ कपडा ७६ मिटर | ३४,६००.० |
| ४ | २३ | ०७४/७५ | शर्टको कपडा ८८.५ मिटर, पाइन्टको कपडा ९६ मिटर र पाइन्टको कपडा ९६ मिटर | ५५,४४०.० |